CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #५९

२२ ।५ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## काठमाण्डौ उपत्यकामा होम डेलिभरी गर्दा पालना गर्नुपर्ने सर्तहरू



01 दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा साथमा राखेको हुनु पर्ने ।

02 सबै वस्तु तथा सेवाको मुल्य अनलाईनमा अनिवार्य खुलेको हुनु पर्ने ।

03 अनलाईन साईटमा वस्तु तथा सेवा डेलिभरी गर्ने संस्था र व्यक्तिको नाम, सम्पर्क नम्बर स्पष्ट खुलाउनु पर्ने ।

04 बिल विजक अनिवार्य साथमा राख्नु पर्ने ।

05 होम डेलिभरी दिउसो १:०० बजे देखी बेलुका ७:०० बजे सम्म मात्र गर्नु पर्ने ।

06 होम डेलिभरी गर्ने कम्पनीले अनिवार्य रुपमा कम्पनीको नाम, सम्पर्क तथा डेलिभरीमा प्रयोग हुने सवारी साधनको विवरण जिल्ला प्रशासन कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र ट्राफिक कार्यालयमा उपलब्ध गराउनु पर्ने ।

07 डेलिभरी गर्ने व्यक्तिको PCR रिपोर्ट नेगेटिभ हुनु पर्ने ।

08 नेपाल सरकारले तोकेको सुरक्षा मापदण्ड पूर्णरुपमा पालना गर्नु पर्ने ।



स्रोत: https://cutt.ly/nfn23pq

## नेपाल अपडेट



कोरोनामुक्त भएका बुटवल उपमहानगरपालिका वडा नम्बर १३ को एकै परिवारका ५ जनालाई स्वागत गर्दै स्थानीय

तस्बिर: भवानी प्रसाद पाण्डे

### परिक्षण

पिसिआर परिक्षण: ७,७७,५६३

पोजेटिभ: ४७,२३६

उपचाररत: १६,२५९

मृत्यु : ३००






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



कोरोना बीमा गरेका तर निजि प्रयोगशालामा परक्षण गरी कोरोना पोजेटिभ देखिएकाले बीमा रकम नपाउने भन्ने सुनिन्छ । वास्तविकता के हो ?

२०७७ भदौ २१ गते सम्म बीमा कम्पनीहरुमा प्राप्त भएका सबै दाबीहरु मध्ये नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तरगतका निकायहरुबाट PCR परीक्षण भई पोजेटिभ देखिएका दाबीहरुलाई बीमा समितिबाट जारी गरिएको "कोरोना बीमा मापदण्ड २०७७" बमोजिम ७ दिन भित्र भुक्तानी दिने भनिएको छ । "कोरोना बीमा मापदण्ड २०७७" बनाउँदा सरकारले निजि प्रयोगशालालाई परीक्षण अनुमती नदिएकोले त्यस्ता प्रयोगशालामा परीक्षण गरिएकाहरुको हकमा छानबिन गर्न बीमा समितिका कार्यकारी निर्देशकको संयोजकत्वमा अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रतिनिधि रहेको अनुदान व्यवस्थापन समितिले छानबिन गरी उक्त समितिको सुझावको आधारमा बीमा दाबी भुक्तानी सम्बन्धी निर्णय गर्ने भनिएको छ ।

स्रोत: http://nib.gov.np/wp-content/uploads/2020/09/Press-Release-2077.05.21.pdf



स्थानीय तहले कोरोना सम्बन्धी जानकारी दिने मोबाईल एप सञ्चालनमा ल्याउदैछ रे । त्यसले कस्तो सूचना दिने हो ?

सरकारले यस अघिनै ७५३ वटै स्थानीय तहका लागि प्रयोग हुने मोबाईल एप्लिकेशन सञ्चालनमा ल्याईसकेको छ । हालसम्म यो एप ४३३ स्थानीय तहले सञ्चालनमा ल्याएकाछन् । अब यसको स्तरोन्नती गरी स्थानीय तहले दिने सेवाहरु, कार्यक्रम तथा परियोजना, ऐन नियम, वडाको विवरण, आपतकालिन नम्बर, सुझाव तथा गुनासो संकलन र दोहोरो सम्बाद लगायतका सेवा एउटै मोबाईल एप्लिकेशन "Local Level" बाट लिन सकिने छ । त्यसै गरेर, कोरोना जस्ता महामारीको सूचना प्रवाह गर्ने र स्थानीय तहले प्रवाह गर्ने सेवाको भुक्तानी एपबाट नै विद्युतिय माध्यमबाट गर्न सकिने सरकारले जनाएको छ ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2072



मेरो सवारिचालक अनुमतिपत्रको म्याद सकियो तर, बन्द भएकोले नविकरण गर्न पाईएन । के मैले जरिवाना तिर्नुपर्ने हो ?

सवारी चालक अनुमतीपत्रको नविकरण गर्ने म्याद लकडाउनको अवधिभित्र परेर जरिवाना लाग्नेहरुलाई भदौ मसान्त सम्म जरिवाना नलाग्ने कुरा यातायात व्यवस्था विभागले जनाएको छ । उक्त निर्णय बमोजिम सिस्टम मोडिफिकेसन समेत भईसकिएको जनाईएको छ ।

स्रोत: https://cutt.ly/BfnMwdd



वैदेशिक रोजगारीमा जान सरकारले नयाँ श्रम स्वीकृती दिन थालेको हो ?

हो । यसका लागि मिति २०७६ फागुन २९ गते अघि मागपत्र प्रमाणित भई पूर्व स्वीकृती लिएकाहरुको हकमा अन्तिम श्रम स्वीकृती लिनको लागि गन्तब्य मुलुकको रोजगारदाता कम्पनीले हालै जारी गरेको No Objection Certificate (NOC) सम्बन्धित नेपाली दुतावासबाट प्रमाणित गराई अनिवार्य पेश गर्नुपर्ने छ । त्यसै गरेर, व्यक्तिगत श्रम स्वीकृतीको हकमा गन्तव्य मुलुकको सम्बन्धित रोजगारदाता कम्पनीको आधिकारिक इमेलबाट हालै जारी भएको NOC वैदेशिक रोजगार कार्यालय, ताहाचलको आधिकारिक इमेलमा प्राप्त भएको हुनुपर्ने छ ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/156/lan/ne-NP

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,२०,६८८ | ८९,५८२ | ५५,४१५ | १,२०,०९५ | ७३,९८४ | ८७,०७२ | ९,३९७ | २१,२९६ |
| नेपाली संक्रमित | १८७५ | १६५० | ४५१ | २२,५०० | २४०० | ४५ | ८१ | |
| मृत्यु भएका नेपाली | ११ | ७ | ३ | १६ | ३० | १ | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## कतारमा PCR परीक्षण सम्बन्धी जानकारी

कतार स्थीत नेपाली दुतावासका अनुसार कतारका बिभीन्न सरकारी स्वास्थ्य केन्द्रहरुमा कोभिड - १९ को PCR परीक्षण निशुल्क वा न्यूनतम शुल्कमा गर्न सकिने जनाएको छ । त्यसै अनुरुप निम्न स्वास्थ्य संस्थाहरुको नाम उल्लेख गरीएको छ :

**Workers Health Center - Hemaila Branch**
Building 265, Street 35,
Al-Taqa Street, Zone 81

**Fereej Abdel Aziz Health Center**
Al Farabi Street

**Muaither Health Centre**
Al Waab St, Ar-Rayyan

**Rawadat Al Khail Health Center**
B Ring Rd, Doha

**Um Salal Health Centre**
Al Shamal Rd, Umm Salal Muhammed

**Gharafat Al Rayyan Health Centre**

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## कर्णाली प्रदेशका केही गाउँपालिकामा भएको कोरोना सम्बन्धी खर्च




प्रतिकार्यका गतिविधिहरु गर्न स्थानीय सरकारका सामु कोरोना भाईरस ठुलो चुनौतिका रुपमा देखिएको छ । स्थानीय सरकारले व्यवस्थापनमा ठुलो रकम खर्च गरेकाछन् । खाद्य वस्तुको खरिद, राहत वितरण, भत्ता (जोखिम भत्ता, छलफलमा सहभागि भए बापतको भत्ता, अनुगमन भत्ता) मा प्रयाप्त रकम खर्च भएको छ । तर, अहिलेको लागि अति आवश्यक र महामारी सकिए पछी पनि काम लाग्ने स्थायी संरचना निर्माणमा भने थोरै मात्र रकम खर्च भएको छ । यदी भविश्यमा पनि यही कुरा दोहोरिने हो भने, स्थानीय सरकारको व्यवस्थापकिय खर्चको भार एकदमै ठुलो हुनेछ । अहिलेकै अस्पष्ट क्वारेन्टाईन सुविधाको व्यवस्थापनलाई हेर्ने हो भने पनि त्यहाँ भएको खर्च सहि तरिकाले भयो या भएन भन्नेमा प्रश्न गर्ने ठाउँ देखिन्छ । आर्थिक जवाफदेहिता र वित्तय न्याय सुनिश्चित गर्न सम्बन्धित स्थानीय सरकारले तथ्यांक सार्वजनिक गर्नु एकमात्र सुरुवाती कदम हो । आर्थिक तथ्यांक सावजनिक गर्न अन्य पलिकाको लागि पनि त्यत्तिकै महत्वपूर्ण छ । त्यसै गरेर ति खर्चहरु न्यायोचित तरिकाले गर्नु पनि त्यत्तिकै महत्वपूर्ण छ । नेपालमा कोरोना महामारी लम्बिदै गर्दा, यस्ता खर्चहरु पनि बढ्दै जाने देखिएको छ । यस्तो विषयलाई सुक्ष्म रुपमा विश्लेषण गर्न आवश्यक छ, किन भने त्यो रकम अन्य थुप्रै महत्वपूर्ण क्षेत्रमा खर्च गर्न सकिन्छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# महामारी भन्दा पनि बेरोजगारी ठुलो समस्या

कृष्ण प्रसाद चपाई खजुरा वडा नं. २ मा बस्दछन् । उमेरले २७ पुगेका उनले विश्व महामारीका रुपमा फैलिएको कोरोनाका कारण रोजगारी गुमाएका छन् । भारतको कर्नाटक भन्ने स्थानमा ७ महिना पहिले रोजगारीका लागि गएका उनी कोरोनाका कारण काम बन्द हुँदा बेरोजगार भै नेपाल फर्किएका हुन् । नेपाल फर्किन उनले निकै संघर्ष गर्नु परेको छ । सुरुमा त उनले टिकट नै पाएनन् । पछी टिकट त पाए तर, एउटै बसमा धेरैसँग कोचिएर यात्रा गर्नुपर्ने बाध्यता आईपऱ्यो । त्यस पछी, संक्रमित हुन्छु कि भन्ने त्रासले उनको मनमा डेरा जमायो ।




जसो तसो भारतबाट यात्रा सुरु गरेर उनी धनगढीको गौरिफन्टा नाका सम्म आईपुगे । त्यहाँबाट उनलाई सिधै कोहलपुर ल्याइयो । आउँदा राती भएका कारण एक रात त्यहि बस्नु पऱ्यो । अर्को दिन खजुरा क्वारेन्टाइनमा ल्याइयो । १५ दिन क्वारेन्टाइनमा बस्दा उनलाई कोरोनाको डरले निद्रा लागेन । अन्त्यमा कोरोना परिक्षणको रेपोर्ट नेगेटिभ आयो । त्यस पछी उनी चिकित्सकको सल्लाह अनुसार होम क्वारेन्टाइमा बसे ।

घर फर्किने संघषमा त उनी सफल भए । महामारीको समयमा परिवारबाट टाढा त्रासमा बस्नुपर्ने भयबाट त मुक्त भए, अब घर कसरी चलाउने भन्ने चिन्ताले पिरोल्न थालेको छ । कोरोना महामारी भन्दा पनि बेरोजगारी उनका लागि ठुलो समस्या भएर उभिएको छ ।

**कृष्ण प्रसाद चपाई**

**खजुरा गाउँपालिका, वडा न. २**



# कोरोना संक्रमित हुँदाको मेरो अनुभव



२०७७ श्रावण २४ गते राती श्रीमतिले बरण्डामा बान्ता गरेको आवाजले ब्युझिए । उनले रातभर करिव दश बाह्र पटक बान्ता गरिरहिन । मलाई पनि तारन्तर पखाला लाग्यो । तर, हामीसँग कुनै औषधी थिएन । मलाई त्यसैबेला यो कोरोनाको लक्षण हो भन्ने लाग्यो र तत्कालै हामी छोराछोरीबाट अलग्गै अर्को कोठामा बस्न थाल्यौं ।

श्रावण २८ गते कोरोना परिक्षणको लागि स्वाव दियौं । चार पाँच दिन कोरोना परिक्षणको रिर्पोट आउने प्रतिक्षामा बसियो । साउन ३१ गते रिपोर्ट आएको रहेछ । तर, हामीलाई कसैले भनिदिएन । ३२ गते मेरो जन्म दिन थियो । बिहानै प्रमुख प्रशासकिय अधिकृतको फोन आयो । जन्म दिनको शुभकामना दिन फोन गर्नुभयो भन्ने लागेर हत्तपत्त फोन उठाए । तर, उताबाट आवाज आयो,"ल स्वास्थ्यको ख्याल गर्नुस् र सुरक्षित बस्नुस् तपाईहरु दुबैजनाको कोरोना पोजेटिभ रिपोर्ट आयो" यति भनेर फोन काटियो ।

यता हामी कोरोना संक्रमित भएको हल्ला फैलियो । सामाजीक सञ्जालको माध्यमबाट खबर युरोप, अमेरिका र अस्ट्रेलिया सम्म पुगेछ । धेरैजसो आफन्तजन, ईष्टमित्र र साथीभाईहरुले आत्मबल बढाउन सान्त्वना दिनुभयो । तर, नजिकका केही व्यक्तिले, एक महिना अगाडी हाम्रो भेट हुँदा तिमी संक्रमित थियौ की थिएनौ नढाटी भन सम्म भने । छिमेकमा डेरा गरी बस्ने भाइलाई तिम्रो डेरा भन्दा पल्लो घरका मान्छेलाई कोरोना भएको छ । तिमी तुरुन्तै डेरा सर भनेछन । मेरो घर भन्दा पाँच कि.मी. टाढा बस्ने दाइको छोरा दुध बेच्न जाँदा, तिम्रो अंकल अन्टीलाई कोरोना भएको छ अरे, तिमि किन डुलेको भनेछन् । अर्को टोलका केहिमान्छेहरुले हाम्रो टोलको बाटो नहिड्नु भनेछन् ।

कोरोनाका कारण ज्वरो आउने, बान्ता हुने, पखाला लाग्ने, घाँटी दुख्ने, मुखले स्वाद गन्ध थाहा नपाउने, छाती दुख्ने, श्वास प्रश्वासमा समस्या आउने, थकान महशुस हुने समस्याले सतायो । करिव सात आठ दिन अत्यन्त कठिनता साथ दिनहरु बिते । बिरामी अनुसारको एलोपेथिक औषधी खान हाम्रै छोरी फार्मेशी अध्ययन गरेको हुनाले त्यति कठिन भएन । दशौं दिनसम्म कोरोनाको लक्षण हट्दै गए । नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको समयावधि पुरा गरेका छौं । होम आइसोलेशनमा बसेको २६ दिन भयो । रिपोर्ट नेगेटिभ आएको छ । हामी गेट बाहिर निस्किदा छिमेकीहरुले रिपोर्ट नेगेटिभ आयो ? भनेर सोध्छन । निको भयो ? भनेर कसैले सोध्दैनन् ।




म अल्सर र टाइफाइडसँग लडिरहेको अवस्थामा पनि कोरोना मुक्त भएँ । उच्च मनोबल बनाएमा कारोनालाई सजिलै परास्त गर्न सकिने रहेछ । यसलाई लुकाउन आवश्यक छैन । परिक्षणको रिपोर्ट २४ घण्टा भित्रै दिनुपर्दछ । छरछिमेकले संक्रमितलाई सहयोग गर्न आवश्यक छ । आगामी दिनमा मैले कोरोना संक्रमित बिरामीको मनोबल उच्च गराउने र उपचारमा सहयोग गर्ने अठोट लिएको छु ।

**आर. पि. अर्याल**

सही सूचना

# बागमती प्रदेश अहिलेको अवस्थामा सबै भन्दा जोखिममा

## छुट्टा छुट्टै प्रदेशमा कोभिड - १९ बाट संक्रमित हुनेहरुको संख्या




माथिको ग्राफले अहिले सक्रिय संक्रमितको संख्या बागमती प्रदेशमा सबै भन्दा धेरै छ भन्ने देखाउँछ । त्यसै गरेर कोभिड - १९ को संक्रमण भएर सञ्चो हुनेहरुको संख्या प्रदेश नम्बर २ मा सबै भन्दा धेरै छ । यि दुई वटै प्रदेशमा गरेर नेपालमा रहेका जम्मा सकृय संक्रमितको दुई तिहाई संख्या छ । सकृय संक्रमितको तुलनामा सञ्चो हुनेहरुको दर प्रदेश १, प्रदेश २ र गण्डकी प्रदेशको राम्रो छ । बागमती प्रदेशको सञ्चो हुनेको दर तुलनात्मक रुपमा सबै भन्दा खराब छ । आउने दिन विशेष गरेर काठमाण्डौ उपत्यका र समग्रमा बागमती प्रदेशको लागि चुनौतिपूर्ण छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि सेप्टेम्बर महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs